# सैनामैना नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**बुद्धनगर, रुपन्देही**

**प्रदेश नं. ५, नेपाल।**

**सूचना प्रकाशित मितिः २०७५।११।१३**

## बोलपत्र/सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

सूचना नंः आय ०३/०७५/०७६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा (१) (च) एवं प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५, यस सैनामैना नगर कार्यपलिकाको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ तथा मिति २०७५।६।२१ गतेको नगर कार्यपालिकाको निर्णय अनुसार नदीजन्य पर्दाथ उत्खनन् गर्ने तथा घाटगद्धि गरी बेच्ने कार्यको ठेक्का बन्दोवस्त गर्न यो सूचना प्रकाशित गरिएको छ। प्रचलित नेपाल कानुन बमोजिम दर्ता भै प्रमाणपत्र लिएका ठेकेदार/फर्मले बोलपत्र फाराम (फिर्ता नहुने गरी) खरिद गरी तपसिलको शर्तका आधारमा आफूले लिन चाहेको ठेक्का र कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्वारा ठेक्का नम्बर उल्लेख गरी सिलबन्दी बोलपत्र दिनु पर्नेछ। यसरी बोलपत्र दिंदा ठेकेदारले आफूले कबोल गरेको अंकको ५%का दरले हुने धरौटी वापतको रकम यस सैनामैना नगर कार्यपालिकाको कार्यालयको नाममा कृषि बिकास बैंक मुर्गिया शाखामा रहेको धरौटी खाता नं०४१४२०११४९२४४०१५ ग.३ मा जम्मा गरी सोको सक्कल भौचर वा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ को उपनियम (२) बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. समेत उल्लेख गरी जारी गरिएको कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (बिड बण्ड) बोलपत्र साथ राखी निर्दिष्ट स्थानमा बोलपत्रदाताको सहीछाप भएको सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन। यस कार्यालयको छाप नभएको र कार्यालयको आधिकारिक पदाधिकारीबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिईने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने लगायतका सम्पूर्ण अधिकार यस सैनामैना नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

**ठेक्का सम्बन्धी अन्य विवरण :**

| | |
|---|---|
| बोलपत्र / दरभाउ पत्र खरीद गर्ने अन्तिम मिति | २०७५।१२।१२/ २०७५।११।२७ गते कार्यालय समय भित्र |
| बोलपत्र / दरभाउ पत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय | २०७५।१२।१३/ २०७५।११।२८ गते दिनको १२.०० बजे भित्र |
| बोलपत्र / दरभाउ पत्र खोल्ने मिति र समय | २०७५।१२।१३/ २०७५।११।२८ गते दिनको २.०० बजे |
| बोलपत्रको / दरभाउ पत्रको मान्यअबधि | ९० / ४५ दिन |

**बैंकको विवरण :** सैनामैना नगर कार्यपालिकाको कार्यालयको नाममा रहेको कृषि बिकास बैंक, मुर्गिया शाखा

**धरौटी खाता नं ०४१४२०११४९२४४०१५ ग.३**

| ठैक्का नं. | खोलाको नाम | नयुनतम कायम ठेक्क रकम | धरौटि रकम | बोलपत्र खरीद मुल्य | कैफियत |
|---|---|---|---|---|---|
| आय ०३/७५/७६ | ईगुंरीया नदि | रु.४७,५२,०००।०० | कबोल अंकको ५ प्रतिशत | रु.३,०००।०० | बोल पत्र |
| आय ०४/७५/७६ | तुलबुलिया नदि | रु.१३,३५,०००।०० | कबोल अंकको ५ प्रतिशत | रु.१,०००।०० | दर भाउ पत्र |
| आय ०५/७५/७६ | बौराहा(बमाहा )नदि | रु.२५,३१,०००।०० | कबोल अंकको ५ प्रतिशत | रु.३,०००।०० | बोल पत्र |
| आय ०६/७५/७६ | बन्द्राहा नदि | रु.४१,४९,०००।०० | कबोल अंकको ५ प्रतिशत | रु.३,०००।०० | बोल पत्र |
| आय ०७/७५/७६ | घमाहा नदि | रु.११,६५,०००।०० | कबोल अंकको ५ प्रतिशत | रु.१,०००।०० | दर भाउ पत्र |

१. **बोलपत्र/दरभाउपत्र विक्री हुने अन्तिम मिति, समयः**- सूचना प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समयसम्म। शिलबन्दी दरभाउपत्रको हकमा सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय सम्म।

२. **बोलपत्र/दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति,समयः**-सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजे सम्म। शिलबन्दी दरभाउपत्रको हकमा सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे सम्म।

३. **बोलपत्र/दरभाउपत्र विक्री गर्ने स्थानः**- सैनामैना नगरपालिकाको कार्यालय रुपन्देही।

४. **बोलपत्र/दरभाउपत्र दाखिला गर्ने स्थानः**- सैनामैना नगरपालिकाको कार्यालय रुपन्देही।

५. **बोलपत्र/दरभाउपत्र खोलिने स्थान, मिति, समयः**- सैनामैना नगरपालिकाको कार्यालय रुपन्देही, ३१ औं दिन दिउंसो २:०० बजे ।

६. नदिजन्य पदार्थ उत्खनन् गरी तोकिएको स्थानमा घाटगद्धि गरी प्रदेश नं.५ को नदिजन्य पर्दाथ उत्खनन् कार्यविधि, २०७५ मा उल्लेख गरीएको समितिले नाप जाच गरी अनुमति दिई सके पछि मात्र बिक्री बितरण गर्नु पर्नेछ।

७. नदिजन्य पदार्थ उत्खनन् र्गदा राष्टपति चुरे तराइ मधेश संरक्षण बिकास समितिको शर्त हरु पुर्ण रुपमा पालना गर्नु पर्नेछ।

८. नदिजन्य पदार्थ बिक्री बितरण गर्दा तोकिएको IEE मा उल्लेख गरीएको मार्ग मात्र प्रयोग गर्न पाईने छ तथा सो सडक मार्गमा धुलो नउड्ने गरी दिनमा ३ पटक पानि छर्किने ब्यबस्था गर्नु पर्ने छ।

९. नदीजन्यवस्तु संकलन तथा ढुवानी कार्यमा स्थानीयवासीहरुलाई प्राथमिकता दिनु पर्नेछ।

१०. वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै कार्य गर्न गराउन पाइने छैन। साथै वातावरण प्रभाव मुल्यांकन IEE सम्बन्धी उल्लेखित शर्तहरुको पालना गर्नु पर्नेछ।

११. नदीजन्य पदार्थ निकासी गर्ने बाटोको सामान्य मर्मतको व्यवस्था नदिजन्य उत्खनन्कर्ता स्वयंले गर्नु पर्नेछ। खर्चको दावी गर्न पाईने छैन।

१२. वोलपत्र विक्री तथा दाखिला गर्ने अन्तिम मितिमा बिदा पर्न गएमा बिदा सकिएको भोलिपल्ट सोही समयमा हुनेछ।

**नोट** :- दररेट र शर्तहरु बोलपत्र फाराममा उल्लेख गरीने छ। साथै अन्य जानकारीको लागि यस कार्यालयको वेभ साईट *www.sainamainamun.gov.np* वा योजना शाखामा सम्पर्क गर्न सकिनेछ।

**सैनामैना नगरपालिका रुपन्देही**